# एशियामा सामुदायिक भूमि अधिकारका लागि मेलमिलाप संरक्षण र विश्व जैविक विविधता लक्ष्यहरु

## कार्यकारी सारांश

विश्व जैविक विविधताका संरक्षण कार्यहरुलाई परिभाषित गर्नका लागि विश्वभरका सरकार प्रमुखहरुको पहलमा सन् २०२१ को अक्टोबरमा जैविक विविधता सम्बन्धी महासन्धी (सीबीडी) का पक्ष राष्ट्रहरुको १५ औं (कोप १५) सम्मेलन आयोजना गरियो । सन् २०२२ को मेमा यो सम्मेलन सकिएपछि पक्ष राष्ट्रहरुले पोष्ट २०२० विश्व जैविक कार्ययोजना (जीबीएफ) अंगिकार गर्ने अपेक्षा राखिएको छ । महत्वकांक्षी लक्ष्यको रुपमा रहेको सन् २०३० सम्म विश्वको ३० प्रतिशत भूमि र जलको भागलाई औपचारिक रुपमा संरक्षण क्षेत्र बनाउनु (३०हृ३०) जीबीएफको सफलतालाई मापन गर्ने प्रमुख मानकका रुपमा रहेको छ ।

यो संरक्षण सम्बन्धी सहज कदमले विश्वमा आदिवासी र स्थानीयबासीको अधिकारको बहसभित्र मानव अधिकारको गम्भिर चासो उजागार गरेको छ । वातावरणको कुरा गर्दा जहाँ पहिचान र भूक्षेत्रको अधिकारको पहिचानलाई मान्यता दिइएको छैन वा वेवास्ता गरिएको छ त्यहाँ आदिवासी तथा सामुदायिक अगुवाहरुको क्षेत्रगत संरक्षणको लक्ष्यमा व्यापक चासो र शंका रहेका छन् । यो बुझ्नु पर्छ कि ३०हृ३० जस्ता विश्व पर्यावरणीय लक्ष्यहरु कसरी विश्वभर विकास र कार्यान्वनका भइरहेको छ भन्ने सम्बन्धमा स्वयम् विश्व संरक्षणको राजनीतिक र आर्थिक इतिहासलाई महत्वपूर्ण दृष्टि राख्नु आवश्यक छ । स्थानीय लक्ष्यहरुको उपयोग गरेर ग्रामिण क्षेत्रमा नियन्त्रण वा सार्वजनिक तथा निजी हितलाई अगाडि बढाउँदा त्यस कार्यको मुल्य चुकाउनु पर्नेहरुको मानव अधिकार को रक्षाका विषयहरुलाई सम्बोधन गरिनु आवश्यक छ ।

अक्टोबर २०२१ सम्ममा एशियामा लगभग १५.३७ प्रतिशत संरक्षित क्षेत्र (४७८.५ एमएचए ) रहेका छन् । साथै एक अर्व मानिसहरु कि त ती संरक्षित क्षेत्र भित्र बस्छन् वा जैविक विविधताको संरक्षणको हिसवाले अत्यन्त महत्वपूर्ण क्षेत्रमा बस्छन् । एक सय ५० मिलियन मानिस संरक्षित क्षेत्रमा बस्छन् भने ८५९.२ मिलियन मानिस गैरसंरक्षित जैविक विविधता क्षेत्रमा बस्छन्, जुन त्यस क्षेत्रको २३.८ प्रतिशत हो । यो यस क्षेत्रको जनसंख्याको २३.३ प्रतिशत हिस्सा हो, यसले मानिस र जैविक विविधता कुन हदसम्म एकअर्कामाथि खप्टिएको छ भन्ने देखाउँछ । विश्व संरक्षण लक्ष्यहरु प्राप्तिको लागि बहिस्करणवाला संरक्षित क्षेत्रहरुलाई प्रायः प्रशिद्ध मानिन्छन्, तर तथ्यप्रमाणहरुले यो देखाउँछ की आदिवासी र स्थानीय समुदायद्वारा व्यवस्थापन र संरक्षण गरिएका संरक्षित क्षेत्रहरु प्रभावशाली र दीगो रहेका छन् । यी समुदायले प्रति हेक्टर औसत ३.५७ अमेरिकी डलर संरक्षणमा लगानी गरेका छन्, जुन विश्वव्यापी रुपमा वार्षिक करिब ५ अर्व डलर हो । यो विश्वव्यापी रुपमा सरकार, दाता, प्रतिष्ठानहरु, र गैरसरकारी संस्थाहरुले प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र पुनर्स्थापनको लागि भनेर गरेको कुल लगानी एक चौथाई बराबर हो । यसले आदिवासी र स्थानीय समुदायका संरक्षण क्षेत्रमा काम गर्ने अगुवाहरुलाई आफ्नो अधिकारको लागि र निर्णायक तहमा आफ्नो स्थान खोज्नका लागि लड्ने अवस्था सृजना गरेको छ ।

यो प्रतिवेदनले प्रभावकारी र समन्यायिक रुपमा जलवायु परिवर्तन र जैविक विविधताको क्षतिको न्यूनीकरण्को लागि नयाँ संरक्षण विधिहरुका लागि बहिस्करणयुक्त दृष्टिकोणको अन्त्य, मानव अधिकारमा आधारित रणनीतिहरुको तर्जुमा, विश्वकै आधा जमिनको प्रथाजनित स्वामित्व रहेका आदिवासी र स्थानीय समुदायको जमिन, जंगल, जल तथा भूक्षेत्रमाथिको अधिकारलाई मान्यता दिनु आवश्यक छ भन्ने उजागर गरेको छ । हामी थप देखाउँछौं कि जैविक विविधता भिजन २०५० प्रकृतिसँगको सामिप्यताबाट कोहि पनि छाडिएको महशुस हुने छैन । यस बाहेक, प्रकृतिसँगको सामिप्यता अन्ततः सबै भूउपयोग निर्णयहरुमा मान वअधिकार र अन्तर पुस्ताको समन्यायिक मान्यतामा निर्भर हुन्छ । पोष्ट २०२० संरक्षण अजेण्डाहरु प्राप्ती गर्न थप कार्ययोजना र लगानीले स्थानीय स्तरको समुदायका संरक्षण नेतृत्वको पहिचान गर्नुको साथै उनीहरुको जमिनको अधिकार र सांस्कृतिक पहिचानको प्राथमिकता तथा उन्नतीलाई सफलता मापनको आधार बनाइने छ ।

## संरक्षणमा आदिवासी र स्थानीय समुदायको महत्व

विश्वव्यापी रुपमा आदिवासी र स्थानीय समुदाय लामो समयदेखि जैविक विविधताको संरक्षकको रुपमा रहेका छन् । उनीहरुको पुस्तैनी जमिन विश्वको ३६ पतिशत भूभाग रहेको अनुमान गरिएका छ भने बाँकी रहेका मध्ये ८० प्रतिशत जैविक विविधता त्यसैमा रहेका छन् । त्यस क्षेत्रमा जैविक विविधताको व्यापकता अधिकारवाला समुदायद्वारा गरिएका प्रभावकारी नियमनसँग जोडिएको छ । विश्वव्यापी रुपमा जमिनको स्वामित्व आदिवासी र स्थानीय अधिकार वाला समुदायमा रहेको क्षेत्रमा सरकार वा निजी क्षेत्रले गरेको व्यवस्थापनमा भन्दा कम वन विनाश, धेरै कार्वन भण्डारण र धेरै जैविक विविधताको संरक्षण भएको तथ्यांकहरुले देखाउँदछ ।

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वका ९० देशहरुमा ४७६ मिलियन आदिवासी रहेका छन्, यो कुल विश्व जनसंख्याको ६.२ प्रतिशत हो । जनसांख्यिक विश्लेषण गरेका क्षेत्रीय आदिवासी संगठनहरुका अनुसार एशियामा मात्र ४११ मिलियनभन्दा बढी आदिवासी हुन सक्छन् । यो तथ्यांकले गैरआदिवासी स्थानीय तथा परम्परागत समुदायहरुलाई समेटेको छैन । समाजमा रहेको यो विविधतालाई एशियाका राष्ट्रिय कानुनहरुले प्रभावकरी रुपमा पहिचान गरेको छैन, न त संरक्षणमा उनीहरु रहेको स्वीकार गरिएको छ । प्रथाजनित आदिवासी संस्थाहरु तथा परम्परागत शासकीय प्रणालीलाई कानुनी मान्यता अभावले उनीहरुको

पैतृक प्रथाजनित भूक्षेत्रमाथिको अधिकार असुरक्षित बनेको छ। आरआरआइका अनुसार आदिवासी तथा स्थानीय समुदायले ओगटेको जम्मा ८.७ प्रतिशत मात्र भूक्षेत्रलाई कानुनी मान्यता दिइएको छ।

आदिवासी समुदायको जैविक विविधता संरक्षणमा उनीहरुको विश्व दृष्टिकोण, ब्रह्मान्ड दर्शन, समय सापेक्ष अभ्यास र अन्तरपुस्ता ज्ञानको हस्तान्तरणसँग सिधै सम्बन्धित छ। प्रत्येक समुदायले आफ्नो स्थानीय वातावरणसँग भिन्न प्रकारका नियम, परम्परागत संस्थाहरु र दीगो अभ्यासहरुमार्फत अन्तरक्रिया गर्छन्। यदि राष्ट्रिय सरकारहरुले औपनिवेशिक इतिहासको विस्तारितको रुपमा माथिदेखि तल हेर्ने बहिस्करणवाला तथा पश्चिमी संरक्षण विधिहरु लाई निरन्तरता दिइरह्यो भने आदिवासीहरुको यि विधिहरु किनारा लगाइने छन्। यतिसम्म कि अधिक समतावादी आइयुसीएन-संरक्षित क्षेत्र (चार, पाँच र छ श्रेणी, जसले स्रोत उपयोग वा प्रवर्द्धनका लागि बाटो देखाउँछ) मा पनि मुख्यगरी परम्परागत रुपमा त्यस भूक्षेत्रको सञ्चालन गर्दै आएको समुदायको भन्दा राज्य संचालकद्वारा बढी शासित छन्।

## तल्लो तहको संरक्षण नेतृत्व खतरामा

मुख्य संरक्षण संगठनहरुले २०२१ मा गरेको प्राविधिक समीक्षा अनुसार, बस्तु विनिमयमा आधारित विश्वव्यापी विकासका कारण २५ प्रतिशतभन्दा बढी परम्परागत भूगोलहरुलाई जोखिममा पारिएका छन्। कार्बनको भण्डार रहेका ती भूक्षेत्रहरुको एक पटक ठूलो मात्रमा बन फडानी, कृषि, खानी र अन्य प्रकृयाबाट वनमा क्षति तथा जमिनको प्रयोगमा परिवर्तन भएपछि जलवायु परिवर्तन र जैविक विविधतामा पर्ने असरलाई टार्नको लागि आवश्यकता अनुसार पुनस्थापना गर्न सकिँदैन।

सामुदायिक संरक्षण नेतृत्वको राजनीतिक संघर्षबाट पुर्खाको ज्ञान र परम्परागत संस्थालाई जोगाउन, लैंकिग संवेदनशीलता सक्षम बनाउन र समावेशी प्रक्रियाका साथसाथै तिनीहरुको आधारभूत मानव अधिकार र पहिचानलाई कानुनी  मान्यताका लागि वकालत गर्न सक्छ भन्ने कुरा समुदायले देखाएको छ। एशियामा आफ्नो अधिकार र एकीकृत पारिस्थितिकीय प्रणालीको रक्षाको लागि खडा भएका सामुदायिक अगुवाहरुलाई सरकारी अधिकारीहरु र उद्योगहरुसँग जोडिएका मान्छेहरुको तर्फबाट छानीछानी निशाना बनाइने खतरा रहेको छ।

समग्रमा, यस क्षेत्रमा मानव अधिकारको सट्टा व्यवसायको पक्ष लिने राजनीतिक माहोल छ। प्रायः सरकारहरुले पनि दूर्गमका भूक्षेत्रमाथि रणनीतिक नियन्त्रणको लागि संरक्षित क्षेत्र बनाउने गर्दछन्, त्यस्ता ठाउँहरु जहाँतही वातावरणीय क्षति भएको छ। वातावरणीय सुरक्षा उपायहरु र मानव अधिकार आर्थिक विकासको निर्धारक तत्वहरु भएपनि व्यापारिक स्वार्थका कारण यसलाई नजर अन्दाज गरिने गरेको छ। समुदायहरुले निरन्तर रुपमा त्यसमा लचकता अपनाइरहेको भए पनि यि चुनौतीहरु कोभिड-१९ को महामारीका बेला झनै बढेर गएको छ।

## अबको बाटो

जलवायु परिवर्तन र जैविक विविधता संकट दुवैको सम्बोधन आदिवासी र स्थानीय समुदायको अधिकारको पूर्ण पहिचान र सुरक्षामा निर्भर छ। यो अधिकारको पहिचान गर्नु भनेको उनीहरुको  वातारणीय अनुकलनको केन्द्रमा रहेका विभिन्न निकाय, स्वायत्तता, परम्परागत अभ्यासहरु र पुर्खाका ज्ञानहरुको सशक्तिकरण हो। जैविक विविधता रहेका जमिनमाथि आदिवासी र स्थानीय समुदायको शासकीय प्रणालीको प्रवर्द्धनले मूलाधारे दृष्टिकोणाई केही आर्थिक भार पुर्याउने छ। यद्यपी आदिवासी र स्थानीय समुदायहरुले यसअघि देखि नै सक्रिय रुपमा पुर्ख्यौली र परम्परागत भूगोलको संरक्षण, प्राकृतिक स्रोत प्रणालीको व्यवस्थापन, पुनर्स्थापना र संरक्षणमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै खालको लगानी गर्दै आएका छन्। समुदायको पुनर्वास र क्षतिपूर्ति तथा विद्यमान सामुदायिक संरक्षण विधिको विस्थापनमा उनीहरुलाई भूमिको अधिकार दिनु भन्दा १०० देखि १००० गुणाभन्दा बढी लागत पर्न जानेछ। यसका लागि भारतमा ३१२.६ मिलियन, इन्डोनेसियामा २०० मिलियन र नेपालमा २३.१ मिलियन अमेरिकी डलर खर्च हुने अनुमान गरिएको छ।

संरक्षणकर्ताहरुले आदिवासी र स्थानीय समुदायहरुको भूमि र स्रोतमाथिको अधिकारको सम्मानका लागि विभिन्न सुरक्षा उपायहरु विकास गरेको भएपनि अन्तराष्ट्रिय मानव अधिकार कानुनहरुमा आधारित र अधिकारवालाहरुसँगै सहकार्य गरेर बनाइएको विश्वव्यापी रुपमा मान्यता प्राप्त एक मुष्ठ सिद्धान्तहरुको भने अभाव रहेको छ। संरक्षण प्रयासका लागि भूमि अधिकार मापदण्ड (एनेक्स १) लाई अंगिकार गर्नु यसको एक प्रमुख उपाय हुन सक्छ। भूमि अधिकार मापदण्डले भूमिको अवस्था पुनर्स्थापना, व्यवस्थापन, संरक्षण, जलवायु कार्य र विकास परियोजनाहरुमा आदिवासी र स्थानीय समुदायहरुको भूमि र स्रोत माथिको अधिकार पहिचान तथा सम्मानको उत्कृष्ट अभ्यासहरुलाई स्पष्ट र काम गर्न योग्य रुपमा उपलब्ध गराउँछ।

**Recommended Citation:** Asia Indigenous Peoples Pact, Badan Registrasi Wilayah Adat, Cambodian Indigenous Peoples Alliance, Cambodia Indigenous Peoples Organization, Centre for Orang Asli Concerns, Center for Indigenous Peoples' Research and Development, Federation of Community Forestry Users Nepal, Indigenous Media Network, Indigenous Peoples Foundation for Education and Environment, Indigenous Peoples Partnership, Indonesian Institute for Forest and Environment, Inter Mountain Peoples Education and Culture in Thailand Association, Jaringan Kerja Pemetaan Partisipatif, Land Conflict Watch, Nepal Federation of Indigenous Nationalities, Network of Indigenous Peoples in Thailand, Non-Timber Forest Products - Exchange Programme, Partners of Community Organizations in Sabah Trust, Promotion of Indigenous and Nature Together, Rights and Resources Initiative, and Working Group ICCAs Indonesia. 2021. Reconciling Conservation and Global Biodiversity Goals with Community Land Rights in Asia. Rights and Resources Initiative, Washington, DC.

## CO-AUTHORS

## PARTNERS

## SPONSORS

*The views presented here are not necessarily shared by the agencies that have generously supported this work, nor by all the Partners and Affiliated Networks of the RRI Coalition. This work is licensed under a Creative Commons Attribution License CC BY 4.0.*

2715 M St NW, Suite 300, Washington, DC 20007